INNOVATIVE RESEARCH JOURNAL Vol.:2, Issue:2, 2023

**Link:** https://doi.org/10.3126/irj.v2i2.56154

# हायू जाति र भाषा अध्ययनको सिंहावलोकन

**ढालबहादुर थापा (विनोद)**

*godarthapa77@gmail.com*

***लेखसार***

*हायू जाति, तिनको भाषा, धर्म-संस्कृति, रीतिरिवाज र परम्पराका बारेमा हालसम्म के कस्ता र के कति अध्ययनहरु भएका होलान् भन्ने कुरा जान्ने उत्सुकता जो कोहीलाई पनि हुन सक्छ । त्यसैले यस लेखमा हायू जाति, तिनको भाषा, धर्म-संस्कृति, रीतिरिवाज र परम्पराका बारेमा हालसम्म भएका अध्ययन अनुसन्धानहरुको विवरण प्रस्तुत गर्ने जमर्को गरिएको छ । 'हायू' शब्दको पहिलो प्रयोग पृथ्वीनारायण शाहले वि. सं. १८२७ मा गरेको पाइन्छ भने हायू जातिका बारेमा अध्ययन गर्ने पहिलो विदेशी विद्वान् कर्नेल कर्कपेट्रिक (सन् १८११) हुन् । हायू व्याकरणका बारेमा चर्चागर्ने प्रथम व्यक्ति हड्सन हुन् भने हायू व्याकरणको विस्तृत र आधिकारिक अध्ययन गर्ने प्रथम व्यक्ति ब्वायड माइकोलोब्स्की हुन् । वि.सं. २०६८ को जनगणनाअनुसार नेपाल राज्यमा हायू जातिको सङ्ख्या १५२० र हायू भाषाका वक्ताहरूको सङ्ख्या १४३० रहेको देखिन्छ । लोपोन्मुख सूचीमा रहेका नेपालका मुख्य १० भाषाहरुमध्ये हायू भाषा छैटौँ श्रेणीमा पर्दछ । रामेछाप जिल्लाको साविकको मुडाजोर गाउँ विकास समितिको मुडाजोरमा बोलिने भोट-चीनियाँ परिवारको हायू भाषा नाजुक किसिमले सङ्कटापन्न अवस्थामा रहेको छ । प्रस्तुत अध्ययन मूलत: द्वितीयक स्रोतमा आधारित छ । विभिन्न पुस्तक, लेख रचनामा उल्लेख भएका अध्ययन सामग्रीहरुका आधारमा यसको अध्ययन गरिएको छ । हायू जाति, तिनको भाषा, धर्म संस्कृति, रीतिरिवाज र परम्पराको बारेमा हालसम्म भएका अध्ययन अनुसन्धानहरुको फेहरिस्तका बारेमा जान्न चाहने अनुसन्धानकर्ताहरुका निम्ति यो लेख उपयोगी सिद्ध हुन सक्छ भन्ने ठहर गरिएको छ ।*

***मुख्य कुञ्जी*** **:** *हायूजाति, लोपोन्मुख, सङ्कटापन्न भाषा,*

**प्राप्त मिति** : ३, अप्रिल, २०२३, **स्वीकृत मिति** : ११ , मे, २०२३, **प्रकाशित मिति** : १२, जुन, २०२३

## विषय प्रवेश

हायूहरू मुख्यरूपमा नेपालको मध्यपहाडी जिल्लाहरू रामेछाप र सिन्धुली जिल्लामा बसोबास गरिरहेका छन् । आफ्नै मातृभाषा, भेषभुषा, धर्म-परम्परा, रीतिरिवाज, रहनसहन, सांस्कृतिक मूल्य-मान्यता, सामाजिक संरचना, जातीय इतिहास तथा आफ्नै भूमि भएका हायूहरू आफूलाई किराँत जाति मान्दछन् । थोरै सङ्ख्यामा भए पनि यस जातिका बारेमा हालसम्म धेरै अध्ययन, अनुसन्धानहरु भएको पाइन्छ । लोपोन्मुख जातिमध्येको हायू केकति कारणले यस्तो अवस्थामा आइपुगेको हो भन्ने कुराको गहन खोजी हुनु आजको आवश्यकता भएको छ । भाषा बोल्ने वक्ता 'हजुरबुबा' र त्यसभन्दामाथिको उमेरका र उनीहरूले भाषा केही मात्रामा र कहिलेकाहीँ मात्र बोल्छन् भने त्यस्तो भाषालाई नाजुक किसिमले सङ्कटापन्न भाषा भन्दछन् । यी भाषामा हायु सातौं नम्बरमा पर्दछ । वि.सं. २०५८ को जनगणनाअनुसार नेपाल राज्यमा हायू जातिको सङ्ख्या १,८२१ र हायू भाषाका वक्ताहरूको सङ्ख्या १,७४३ रहेको देखिन्छ भने वि.सं. २०६८ को जनगणनाअनुसार नेपाल राज्यमा हायू जातिको सङ्ख्या १५२० र हायू भाषाका वक्ताहरूको सङ्ख्या १४३० रहेको देखिन्छ । लोपोन्मुख सूचीमा रहेका नेपालका मुख्य १० भाषाहरुमध्ये हायू भाषा छैटौँ श्रेणीमा पर्दछ । तिनै हायू जाति, तिनको भाषा, धर्म-संस्कृति,

रीतिरिवाज र परम्पराका बारेमा हालसम्म भएका अध्ययन अनुसन्धानहरुको विवरण प्रस्तुत गर्नु यस लेखको मुख्य गन्तब्य हो ।

## उद्देश्य

हायू जाति, तिनको भाषा, धर्म-संस्कृति, रीतिरिवाज र परम्पराका बारेमा हालसम्म भएका अध्ययनहरुको एकमुष्ठ विवरण प्रस्तुत गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

## अनुसन्धनात्मक प्रश्न

यस लेखमा निम्नानुसारको प्रश्न रहेका छः

क) हायू जाति, तिनको भाषा, धर्म-संस्कृति, रीतिरिवाज र परम्पराका बारेमा हालसम्म के कति अध्ययनहरु भएका छन् ?

## अध्ययन विधि

प्रस्तुत अध्ययन मूलतः द्धितीयक स्रोतमा आधारित छ । विभिन्न पुस्तक, लेख रचनामा उल्लेख भएका अध्ययन सामग्रीहरुका आधारमा यसको अध्ययन गरिएको छ । हायू जाति, तिनको भाषा, धर्म-संस्कृति, रीतिरिवाज र परम्पराका बारेमा अध्ययन गर्ने स्वदेशी तथा विदेशी अनुसन्धाता हरुको सिंहावलोकन गर्नका लागि द्धितीयक स्रोतको उपयोग गर्नु परेको हो ।

## हायू जाति र भाषा अध्ययनको सिंहावलोकन

'हायू' शब्दको पहिलो प्रयोग पृथ्वीनारायण शाहले वि. सं. १८२७ मा गरेको पाइन्छ । सिद्ध भगवन्तनाथलाई मण्डल्याइ दिने क्रममा हायू लगायतका चौध जातिका मानिसहरुसँग रकमकलम उठाउन पाउने भनी अभिलेख गरिदिएका थिए (योगी, २०२२, पृ. ४५९) । वि. सं. १९१० को मुलुकी ऐनमा हायू जातिलाई पहिलो दास जातिको रूपमा चित्रण गरिएको पाइन्छ भने नयाँ मुलुकी ऐन, २०२० मा त्यसको संशोधन गरिएको छ । कर्नेल कर्कपेट्रिकले सन् १८११ मा प्रकाशित एन एकाउन्ट अफ द किङडम अफ नेपाल नामक पुस्तकमा नेपालमा हायूजातिको अस्तित्व रहेको र सो जातिलाई 'केराटिज' भनिन्छ भनेका छन् ( कर्कपेट्रिक, सन् १८११, पृ. २८१) । हायूजातिका बारेमा विदेशी विद्वान्हरुबाट भएको यो नै पहिलो अध्ययन हो ।

अर्किवल्ड क्याम्पबेलले सन् १८४० मा 'नोट अन द लिम्बूज् एन्ड अदर हिल ट्राइब्स' नामक लेखमा आफू वसन्तपुर दरवारमा इन्द्रजात्राको कार्यक्रम हेर्न जाँदा एक विचित्रको जातिले मनोहर नाच देखाएको र त्यो जाति 'हायू' भएको उल्लेख गरेका छन् (क्याम्पबेल, सन् १९९७, पृ. ७१०-७११) । त्यसैगरी ब्रियन हउगन हड्सनले सन् १८५७ मा प्रकाशित कृतिमा नेपालका एघारवटा खण्डित हुनलागेका जातिहरु (ब्रोकन् ट्राइब्स) मा दरै, दनुवार, पहरी, चेपाङ, बरामु, वायु (हायू), कुशवार, कुसुन्डा, पाख्या, थावडा र थारुबारे बृहत् अध्ययन गरिएको र पच्छे हायूसित गरिएको कुराकानी पनि त्यसमा समावेश गरेका छन् (हड्सन्, सन् १८३७, पृ. २१३-३९३ ) । बोइड मिकाइलोभ्स्की र मार्टिन मजाउडोनले हायूजातिको सामान्य चर्चा गरेका छन् (बोइड,सन्, १९७३, पृ.१३४-१३५) ।  शङ्करप्रसाद सत्यालले हायू जातिको संस्कृति शीर्षकको लेखमा हायू जातिको संस्कृति, रहन-सहनको बारेमा चर्चा गरेका छन् । (सत्याल, शङ्करप्रसाद, उषा, वर्ष ५, अङ्क ४:२०३१) । सूचना विभागबाट २०३१ मा प्रकाशित मेचीदेखि महाकाली भाग २ मा 'हायू' जातिको चर्चा गरिएको छ (सूचना विभाग, २०३१, १६७-१७२) । नगेन्द्र शर्माले २०३२ मा प्रकाशित नेपाली जनजीवन नामक पुस्तकमा हायूजातिका बारेमा चर्चा गरेका छन् (शर्मा, २०३२, पृ.१४२) । आर. के शाक्यले सन् १९७६ मा नेपाल डाइजेस्ट नामक अङग्रेजी भाषाको जर्नलमा 'द हायू' शीर्षकमा एउटा लेख लेखेका छन् (शाक्य, सन् १९७१, पृ. ८७-९२) । जनकलाल शर्माले २०३९ मा प्रकाशित गरेको

पुस्तक हाम्रो समाज : एक अध्ययनमा हायूजातिको चर्चा गरेका छन् र हायूको वस्ताविक नाम 'वायु' रहेको कुरा उनले उल्लेख गरेका छन् । (शर्मा, २०३९, पृ. २०६१) । गोविन्द कुसुमले पिछडिएको जनजाति हायू नामक पुस्तकमा हायू जातिको उत्पत्ति, जातीय सम्बन्ध, वासस्थान, जनसङ्ख्या, तिनको संस्कृति, धार्मिक आस्था र विश्वास, रीतिरिवाज, आर्थिक अवस्था, शैक्षिक अवस्थाको बारेमा चर्चा गरेका छन् (कुसुम, २०४५, पृ. ६१) । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौंद्धारा प्रकाशित मेचीदेखि महाकाली (दोस्रो खण्ड) पुस्तकमा हायूहरूको उत्पत्तिका विषयमा विभिन्न किम्वदन्तीहरू प्रस्तुत गरिएका छन् । चूडामणि बन्धुले २०४७ मा प्रकाशित गरेको नेपाली भाषाको उत्पत्ति नामक कृतिमा हायूजाति रामेछापमा छन् र १९५४ को जनगणनामा तिनको सङ्ख्या '२२३' भएको कुरा उल्लेख गरेका छन् (बन्धु, २०४७, पृ. १७४) । डोरबहादुर विष्टले सन् १९९१ मा फेटालिज्म एन्ड डेभलपमेन्ट नामक ग्रन्थ प्रकाशित गरेका छन् । त्यसमा यिनले किरातवंशमा राई, लिम्बू, याक्खा, सुनुवार, जिरेल, हायू, मेचे, कोचे पर्दछन् भन्ने कुराको चर्चा गरेका छन् ( विष्ट, १९९१, पृ. १७ ) । प्रेमकुमार खत्री र पेशल दाहालले २०५३ मा प्रकाशित गरेको आधुनिक नेपालको सामाजिक इतिहास नामक पुस्तकमा कर्णाली क्षेत्रको उत्तरमा हायूको बसोबास रहेको कुरा उल्लेख गरेका छन् ( खत्री र दाहाल, २०५३, पृ. ४५) ।

त्यसैगरी शङकरबहादुर कार्कीले २०५८ मा "रामेछाप सुकाजोर गा. वि. स. का हायूजातिको समाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको समाजशास्त्रीय अध्ययन" शीर्षकमा शोधपत्र तयार गरेका छन् (कार्की, २०५८, पृ. ४३) । २०५८ सालमा लिइएको राष्ट्रिय जनगणनाअनुसार नेपालका हायूजातिको कुल जनसङख्या रामेछाप, सिन्धुली र अन्य जिल्लाहरुमा गरेर जम्मा १८२१ रहेको कुरा उल्लेख गरेका छन् ( राष्ट्रिय योजना आयोग, २०६४, पृ. १-३) । धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठले २०५९ मा दोलखाको ऐतिहासिक रुपरेखाको प्रकाशन गरेका छन् । त्यसमा पत्रहरु (सदनपत्र, चिठीपत्र, लालमोहरहरु) समेटिएका छन् (वज्राचार्य र श्रेष्ठ, २०५९, पृ. १८०) । बाबुराम आचार्यले २०६० मा प्रकाशन गरेको प्राचीन कालको नेपाल नामक पुस्तकमा हायूजातिका बारेमा विशेष चर्चा गरेका छन् (आचार्य, २०६०, पृ. ३७) । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान काठमाडौंबाट २०६० मा प्रकाशित शब्दकोशमा हायू जातिको परिचय प्रस्तुत गर्ने क्रममा नेपालको दक्षिण दिशामा बस्ने एक जनजाति भनिएको छ । भवानी बरालको २०६१ मा प्रकाशित यस्तो हुनुपर्दछ राज्यको संरचना नामक पुस्तकमा हायू जातिको उल्लेख गरेका छन् (बराल, २०६१, पृ. ४२४) । त्यसैगरी हर्क गुरुङले सन् २००४ मा राष्ट्रियता र जनजाति नामको लामो लेखमा हायूको नाम पनि उल्लेख गरेका छन् (गुरुङ, सन् २००४, पृ. ४२४) ।

प्रवीन हायूले २०६२ मा "आदिवासी हायू समुदायको सङक्षिप्त चिनारी" शीर्षकमा समाजशास्त्र/मानवशास्त्र बिषयको स्नाकोत्तर तहको शोधपत्र तयार गरेका छन् (हायू, २०६२, त्रि. वि.) । भीमविक्रम थापाले २०६५ मा "हायूजातिमा प्रचलित लोकससंस्कृति र लोकसाहित्य : एक अध्ययन" शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र तयार गरेका छन् ( थापा, २०६५, त्रि. वि.) । सुरेन्द्र लिम्बूले २०६६ मा "हायूको इथ्नोग्राफिक प्रोफाइल" नामक एउटा अध्ययन प्रतिवेदन तयार गरेका छन् । डोरबहादुर हायूले २०६७ मा हायूवंशावली नामक पुस्तक तयार गरेका छन् । तर त्यो अप्रकाशित रहेको छ । यिनका अनुसार मानसिंहका सन्तानले चण्डेश्वरीलाई काला जुरेली काटेर भोग दिएका थिए र तिनले केराको पात बिछ्याई कान्छी बहिनी समेत काटेर भोग दिएका थिए ( हायू, २०६७, पृ. ६) । डी. आर. पोखरेलले २०६७ मा 'सबै जातको फूलबारीमा हायूजातिको स्थान' नामक लेख वागीश्वरी पत्रिकामा प्रकाशित गरेका छन् । यस लेखमा हायूजातिको वर्णनका साथै 'हायू' शब्द 'वायु' को सट्टा प्रयोग गरिने कारण बताउँदै हायूजाति सङख्यात्मक हिसाबले बढिरहेको र हायू भाषाचाहिँ लोपोन्मुख रहेको कुरा प्रस्तुत गरेका छन् ( पोखरेल, २०६७, पृ. ४७) ।

हायू भाषाका बारेमा हालसम्म भएका अध्ययनहरुको सिंहावलोकन गर्दा हड्सनको 'ग्रामाटिकल एनालाइसिस अफ् दि हायू ल्याङ्ग्वेज' (१८५७ ई.), ग्रियरसनको 'लिङ्गुस्टिक सर्भे अफ् इण्डिया' (१९२७ ई.), ब्वायड माइकोलोब्स्कीको 'द ल्याङ्ग्गुइज हायू' (१९८८ ई.), इनसन पार्कको 'भर्व एग्रिमेण्ट एण्ड

ग्रामिटिकल रिलेसन (१९९० ई.) र 'ग्रामिटिकलाइज भर्वस् इन् हायू' (१९९४ ई.), बोइड मिकाइलोभ्स्की र मार्टिन मजाउडोनको 'नोट्स अन द हायू ल्याङ्ग्वेज' तथा बुकवर्थी एन्ड सी.जी. मोरिसलेको द गुर्खाज आदि विदेशी विद्धानहरुद्धारा विभिन्न भाषामा गरिएका अध्ययन अनुसन्धानहरु हुन् भने सुलोचना भुसालको 'नोमिनल मोर्फोलजी इन् हायू' (२००६ ई.) र पशुपति तिमिल्सिनाको 'दि हायू भर्वस्' (२००६ ई.) आदि नेपाली विद्धानहरुद्धारा अंग्रेजी भाषामा गरिएका अध्ययन अनुसन्धानहरु हुन् ।

चूडामणि बन्धुले २०४७ मा प्रकाशित नेपाली भाषाको उत्पत्ति नामक कृतिमा हायू भाषालाई भोटे-बर्मेली भाषा परिवारमा राखेका छन् (बन्धु, २०४७, पृ. १७४) । डोरबहादुर विष्टले सन् १९९१ म फेटालिज्म एन्ड डेभलपमेन्ट नामक ग्रन्थ प्रकाशित गरेका छन् । त्यसमा यिनले किरातवंशमा राई, लिम्बू, याक्खा, सुनुवार, जिरेल, हायू, मेचे, कोचे पर्दछन् भनेका छन् । ती सबैको भाषा भोटे-बर्मेली परिवारको हो भनेका छन् । (विष्ट, १९९१, पृ. १७ ) । प्रवीन हायूले २०६२ मा समाजशास्त्र / मानवशास्त्र बिषयको स्नाकोत्तर तहको शोधपत्र "आदिवासी हायू समुदायको सङक्षिप्त चिनारी" तयार गरेका छन् । तोरणबहादुर कार्की (२०६५) ले नेपाली र हायू भाषाका बीच पदसङ्गतिको तुलनात्मक अध्ययन गरेका छन् । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको परिपूर्तिको निम्ति प्रस्तुत गरिएको उक्त शोधपत्रमा नेपाली र हायू भाषामा पदसङ्गतिमा के-कति फरक र समानताहरु रहेका छन् भन्ने बारेमा अतिसंक्षिप्त मात्र चर्चा भएको पाइन्छ । त्यसैगरी तारानिधि पोखरेल (२०६७) ले 'हायू र नेपाली भाषाको व्याकरणिक कोटिको तुलनात्मक अध्ययन' गरेका छन् । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको परिपूर्तिको निम्ति प्रस्तुत गरिएको उक्त शोधपत्रमा 'हायू र नेपाली भाषाको व्याकरणिक कोटिको तुलनात्मक अध्ययन' सामान्य रुपमा भएको छ ।

## निष्कर्ष

हायू जाति र भाषा लोपोन्मुख अवस्थामा रहेका छन् । तैपनि स्वदेश तथा विदेशका विभिन्न विद्वान्, लेखक, शोधार्थिहरुबाट हायू जाति, तिनको भाषा, धर्म-संस्कृति, रीतिरिवाज र परम्पराका बारेमा विभिन्न भाषामा अनेक शोधखोज तथा अध्ययन अनुसन्धानहरु भएका पाइन्छन् । त्यतिधेरै विदेशी विद्धानहरुबाट हायू जाति, तिनको भाषा, धर्म-संस्कृति, रीतिरिवाज र परम्पराका बारेमा अध्ययन अनुसन्धान गर्न किन आवश्यक परेको होला ? त्यसतर्फ नेपाली विद्धानहरुको ध्यान गएको देखिदैन । हायू जातिहरुको संख्या किन र कसरी कम हुन पुग्यो होला ? हायू भाषा किन लोपोन्मुख अवस्थामा पुगेको होला ? आदि कुराको गहन खोजी हुन सकेको पाइएन । भाषाको संरक्षण र विकासको निम्ति नेपाल सरकारले भाषा आयोगको गठन गरेको छ । तर हायू भाषाको संरक्षण र विकासको निम्ति भाषा आयोगको खासै ध्यान पुगेको देखिएन । आजका दिनसम्म पनि हायू भाषा पूर्णय्पमा मौखिक परम्परामा आधारित रहनुले यसको तत्काल अध्ययन नभएको खण्डमा हायू भाषा लोप हुने कुरा निश्चित छ । हायू भाषामा पठनपाठन हुने गरेको पाइएन । हायूभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु उपलब्ध छैन । लोकसाहित्यका निम्ति हायू भाषा उर्वर मानिन्छ तर त्यसतर्फ विद्धानहरुको खासै ध्यान गएको देखिएन । हायूजातिको बालसाहित्य, हायू भाषाको शब्दकोष निर्माण तथा सिर्जनात्मक लेखन एवं हायू भाषामा सञ्चारको प्रयोग र विस्तार भएको पनि भेटिएन ।

## सन्दर्भकृति सूची

आदिवासी जनजाति सरोकार समाज (२०६०), **हायू भाषाको अध्ययन प्रतिवेदन,** नेपाल ।

कार्की, तोरणबहादुर (२०६७), **नेपाली र हायू भाषा पदसङ्गतिको तुलनात्मक अध्ययन (शोधपत्र),** काठमाडौं : त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस ।

कार्की, शङ्करबहादुर (२०५८), **"रामेछाप सुकाजोर गा.वि.स.का हायू जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको समाजशास्त्रीय अध्ययन"** (समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र), ललितपुर : त्रि.वि., पाटन संयुक्त क्याम्पस ।

कानून किताब व्यवस्था समिति, **मुलुकी ऐन, १९१०,** काठमाडौं ।

कुसुम, गोविन्द (२०४५), **"पिछडिएको जनजाति हायू"** (जिल्ला विकास समिति, रामेछापमा प्रस्तुत अप्रकाशित अनुसन्धान प्रतिवेदन), रामेछाप : जिल्ला विकास समिति, रामेछाप ।

कुसुम, गोविन्द (२०४५), **हायू पिछडिएको एउटा जनजाति,** काठमाडौं : लेखक स्वयम् ।

थापा, भीमविक्रम (२०६५), **"हायू जातिमा प्रचलित लोकसंस्कृति र लोकसाहित्य : एक अध्ययन" (नेपाली विषयको स्नातकोत्तर तहको अप्रकाशित अध्ययनपत्र),** काठमाडौं : त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

नेपाल हायू संघ (२०५७), **प्रथम राष्ट्रिय सम्मेलन प्रतिवेदन,** रामेछाप ।

पोखरेल, डी.आर. (२०६७), **'सबै जातिको फूलबारीमा हायू जातिको स्थान', वागीश्वरी (वर्ष-२१, अङ्क-१८),** चितवन : चितवन साहित्य परिषद् ।

पोखरेल, बालकृष्ण (सम्पा.) (२०६७), *नेपाली बृहत् शब्दकोश* (सातौँ संस्क.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भूपहरि पौडेल, हायू भाषा नेपाली संस्कृति, वर्ष ३, अङ्क २, २०४४ ।

बोइड, मिकाइलोम्स्की (सन् १९७३), **'नोट्स अन दि हायू ल्याङ्ग्वेज', कैलास (भोल्युम-१ र २)** ।

भट्टराई, रामप्रसाद (२०७३), भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग (दो.सं.), काठमाडौं : शुभकामना प्रकाशन प्रा. लि. ।

भण्डारी, पारसमणि (२०७६), प्राज्ञिक लेखन तथा सम्पादन (दो.सं), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

योगी, नरहरिनाथ (सं.) (२०२२), **इतिहासप्रकाशमा सन्धिपत्रसङ्ग्रह (भाग-१),** दाङ : आध्यात्मिक सम्मेलन ।

शाक्य, आर.के. (सन् १९७१), **'द हायू', नेपाल डाइजेस्ट (भोल्युम-१, सङ्ख्या-२)** ।

सत्याल, शङ्करप्रसाद (२०३१), **हायू जातिको संस्कृति, उषा (वर्ष-५, अङ्क-४)** ।

सूचना विभाग (२०२२), **मुलुकी ऐन, १९१०,** काठमाडौं : श्री ५ को सरकार, सूचना विभाग ।

हड्सन, ब्रेन (सन् १८८०), **'ग्रामेटिकल एनालाइसिस अफ द हायू ल्याङ्ग्वेज', जर्नल अफ दि एसियाटिक सोसाइटी अफ बेङ्गाल (भोलम-२६),** कलकत्ता : द एसियाटिक सोसाइटी अफ बेङ्गाल ।

हायू, डोरबहादुर, **हायू (किरात) जातको वंशावली (अप्रकाशित पुस्तक)** ।

हायू, प्रवीणकुमार (२०६३), **"हायू जातिको जीवन पद्दति : समाजशास्त्रीय अध्ययन" ( समाजशास्त्रीय/मानवशास्त्र विषयको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र),** काठमाडौं : त्रि.वि., त्रिचन्द्र बहुमुखी क्याम्पस ।

हायू, रामबहादुर (२०६५), **'आदिवासी हायू समुदाय' जिल्ला पार्श्वचित्र,** सिन्धुली : जिल्ला विकास समितिको कार्यालय सिन्धुली ।

Bhusal, Sulochana (2006), **Nominal Morphology in Hayu (M.A. Thesis),** Kathmandu: Central Department of Linguistics, T.U.

Hodgson, Brian (1857), *Grammatical Analysis of Hayu Language*: Journal of the Asiatic Society of Bengal. Vol. 26 (P. 486–522).

Rai, Novel Kishore and others (2004), *The Documentation of the Hayu Language*: The National Foundation for Development of Indigenous Nationalities.

Timsina, Pashupati (2006), the Hayu Verbs: M.A. *Thesis Central Department of Linguistics*, Kathmandu: T.U.